**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री वासुदेव खनाल**

**फैसला**

**२०७९/०८० सालको निर्णय नं.३२३**

**पुनरावेदन नं. ०७५-RB-०११४**

**मुद्दाः- मूल्य अभिवृद्धि कर (२०६५/०६६)।**

| | |
|---|---|
| सुनसरी जिल्ला सोनापुर वडा नं. २ स्थित पशुपति आईरन एण्ड स्टिल प्रा.लि.पान नं. ३०००१६१४५ को तर्फबाट अख्तियार प्राप्त ऐ.कम्पनीको संचालक अशोक कुमार मुरारका..........................................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..........................................१<br>श्री आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाण्डौं..........................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री जगदिश रेग्मी

शुरु कार्यालयको निर्णय मितिः-२०७०।०२।२७

**प्रशासकीय पुनरावलोकन निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौं

निर्णय गर्ने अधिकारीः महानिर्देशक विष्णुप्रसाद नेपाल

निर्णय मितिः २०७५।०४।२९

**उपस्थित कानून व्यवसायीहरुः**

पुनरावेदक तर्फबाटः विद्वान अधिवक्ताद्वय श्री रमणकुमार कर्ण र श्री प्रेरणा उप्रेती

प्रत्यर्थी तर्फबाटः विद्वान सहायक न्यायाधिवक्ता श्री संगीता थोकर

**अवलम्वित नजीरः ×**

ठूला करदाता कार्यालय, हरिहरभवनका प्रमुख कर प्रशासकबाट मिति २०७०।०२।२७ मा भएको मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारणको निर्णय तथा उक्त निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०४।२९ मा भएको निर्णय समेत उपर चित्त नबुझाई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(१) र मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री पशुपति आईरन एण्ड स्टिल प्रा.लि. (स्थायी लेखा नं.३०००१६१४५) को आर्थिक वर्ष २०६५/०६६ को विस्तृत कर परीक्षण भै पेश भएको विस्तृत प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम कर तथा जरिवाना, थप दस्तुर र ब्याज समेत जम्मा रू. ७६,३२,८७६।०० को प्रारम्भिक कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७०।०२।०९ मा जारी भएको आदेश।

२. ठूला करदाता कार्यालयवाट मिति २०७०।०२।०९ मा जारी भएको सूचना करदाताले मिति २०७०।०२।१२ मा बुझि लिएको सो सम्बन्धमा करदाताले मिति २०७०।०२।१० मा फोन नं. ०२१५२५१९४ मा फ्याक्स मार्फत जवाफ पेश गरेको।

३. यसमा कार्यालयबाट मिति २०७०।०२।०९ मा जारी प्रारम्भिक कर निर्धारण आदेश बमोजिम मूल्य अभिवृद्धि कर रकम, जरीवाना, थप दस्तुर तथा ब्याज गरी जम्मा रु.७६,३२,८७६।- (अक्षरुपी छयहत्तर लाख बत्तिस हजार आठसय छयहत्तर रुपैया मात्र) को कर निर्धारण कानूनसम्मत ठहर्छ। सो ठहर्नाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम कर निर्धारण गरी मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्नु भन्ने ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७०।०२।२७ मा भएको निर्णय ।

४. यसमा करदाताले कर रकम रू. ७६,३२,८७६।- तिर्नु पर्ने देखिन आएकोले उक्त रकम यो आदेश जारी भएको मितिले १५ दिन भित्र नेपाल सरकारको सर्वसञ्चित कोषमा दाखिला हुने गरी पुल्चोक ललितपुर स्थित एभरेष्ट बैक लि. बैक/नगद दाखिला गर्नु होला भन्ने करदाताको नाममा जारी भएको मिति २०७०।०२।२८ मा ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारणको सूचना।

५. ठूला करदाता कार्यालय, ललितपुरले मिति २०७०।०२।२७ मा जारी गरेको आ.व. २०६५/०६६ को मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारण निर्णयमा चित्त नबुझि करदाताले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७०।०५।०७ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. यसमा करदाताले जर्ति सम्बन्धमा Material Consumption Norms Vol. I, B.S. 2063 का आधार एंव उद्योग विभागको मिति २०६८।०४।२२ को पत्रको मात्र आधार लिई Ms Billet छडको उत्पादनमा ६% जर्ती कायम गरी प्रत्यर्थी विभाग तथा कार्यालयले गरेको निर्णय प्रचलित कानून, कानूनका मान्य सिद्धान्त सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त

समेतका रोहबाट मिलेको देखिन आएन। उपरोक्त आधार कारणबाट Ms Billet जर्तीका सम्बन्धमा ६ प्रतिशत अदृश्य र ३ प्रतिशत दृष्य जर्ती गरी ९ प्रतिशतको Recovery सीमा भित्र रही वास्तविक जर्तिलाई जर्ति कायम गर्नु पर्ने हुन्छ भनी विना आधार तथा प्रमाण करदाताले घटी विक्री देखाएको मूल्यमा कर निर्धारण गर्ने निर्णय कानूनसम्मत हुँदा निवेदकको जिकिर पुग्न नसक्ने ठहर्छ भन्ने समेत वेहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०६।१० मा भएको निर्णय ।

७. यसमा जर्ति सम्बन्धमा Material Consumption Norms Vol. I, B.S. 2063 का आधार एंव उद्योग विभागको मिति २०६८।०४।२२ को पत्रको मात्र आधार लिई Ms Billet छडको उत्पादनमा ६% जर्ती कायम गरी प्रत्यर्थी विभाग तथा कार्यालयले गरेको निर्णय प्रचलित कानून, कानूनका मान्य सिद्धान्त सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतका रोहबाट मिलेको देखिन आएन । उपरोक्त आधार कारणबाट Ms Billet जर्तीका सम्बन्धमा ६ प्रतिशत अदृश्य र ३ प्रतिशत दृष्य जर्ती गरी ९ प्रतिशतको Recovery सीमा भित्र रही वास्तविक जर्तिलाई जर्ति कायम गर्न पर्ने हुन्छ भनी उल्लेख भई विपक्षी कार्यालयको जर्ती सम्बन्धी निर्णयाधार खारेज गरी दिएको अवस्था र शंकास्पद पार्टीहरूको कारोवार सम्बन्धमा बिपक्षी कार्यालयले गरेको अन्तिम कर निर्धारण आदेश त्रुटिपूर्ण भई बदरभागी भएकोले बदर घोषित गरी कार्यालयबाट माग गरिएको मूल्य अभिबृद्धि कर, जरिवाना, थप दस्तुर र ब्याज समेत रु. ७६,३२,८७६।- त्रुटिपूर्ण रहेको हुँदा उक्त व्याज जरिवाना नलाग्ने हुँदा सो आय वर्षमा कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश र सो आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय बदर गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०७५।०७।२८ मा करदाताको तर्फबाट यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।०३।०१ मा भएको आदेश ।

९. यसमा यिनै पुनरावेदक तथा प्रत्यर्थी रहेका आ.व. २०६४/०६५ देखि २०७२/०७३ सम्मका विभिन्न आर्थिक बर्षहरुका आयकर, मू.अ.कर र अन्तशुल्क समेतका सम्बन्धमा यसै न्यायाधिकरणमा पुनरावेदन परेको देखिएको तर आ.व. २०६८/०६९ र २०६९/०७० का कर निर्धारण सम्बन्धमा पुनरावेदन परे नपरेको यकिन गरी पुनरावेदन परेको भए साथै राख्नु। साथै, यस न्यायाधिकरणमा कारवाहीको अवस्थामा रहेका यिनै पुनरावेदक तथा प्रत्यर्थी रहेका आ.व. २०६४/०६५ र आ.व.०६७/०६८ का आयकर, मू.अ.करका मुद्दाहरुको ठूला करदाता कार्यालय, ललितपुरमा प्रमुख कर अधिकृतको रुपमा यस न्यायाधिकरणमा राजस्व सदस्य भई कार्यरत श्री राजेन्द्र पौडेल समेतको संलग्नतामा परीक्षण भएको हुँदा उहा रहितको ईजलासमा पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७/०९/०१ मा भएको आदेश ।

१०. पुनरावेदक करदाताको आ.व. २०६४।०६५ को पुनः संशोधित कर निर्धारण गर्न मिति २०७०।२।२७ मा खडा गरेको निर्णय पर्चाको प्रकरण २ बाट निज करदाताको मिति

२०६७।५।२ मा संशोधित कर निर्धारण भएकोमा आन्तरिक राजस्व कार्यालय धरानले मिति २०६८।३।६ मा अन्तशुल्क निर्धारण गरी आयकरतर्फ संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि प्रतिवेदन प्राप्त भएकोले पुनः संशोधित कर निर्धारण गर्नु परेको भन्ने समेत बेहोरा उल्लेख भएकोमा मिसिल संलग्न राजस्व न्यायाधिकरण विराटनगरबाट पुनरावेदन नं.९६।०६८ । ००१६०, ००१६१ र ००१६२ मा मिति २०६९।१०।१९ मा भएको फैसलाको छाँयाप्रतिबाट उल्लेखित आन्तरिक राजस्व कार्यालय धरानको मिति २०६८।३।६ को र सो उपरको प्रशासकीय पुनरावलोकनको निवेदनमा आन्तरिक राजस्व विभागबाट मिति २०६८।९।१४ का निर्णयहरु समेत उल्टी हुने ठहरेको भन्ने देखिँदा यि करदाताका हकमा आ.व.२०६४।०६५, ०६५।०६६ र ०६६।०६७ मा आन्तरिक राजस्व कार्यालय धरानबाट भएका अन्तशुल्क निर्धारणका निर्णयहरु तथा सो उपर परेका प्रशासकीय पुनरावलोकनका निवेदनमा भएका निर्णय सहितको सक्कलै मिसिल सम्बन्धित कार्यालय/विभागवाट र यिनै मुद्दामा राजस्व न्यायाधिकरण विराटनगरबाट माथि उल्लेखित मुद्दामा मिति २०६९।१०।१९ मा भएका फैसलाहरु सहितका छिनुवा मिसिल राजस्व न्यायाधिकरण विराटनगरबाट मगाई साथै राख्नु पेश गर्नु।

११. आन्तरिक राजस्व विभागको मिति २०७४।४।२९ को निर्णयमा उल्लेखित उद्योग विभागबाट प्रकाशित Material Consumption Norms, Vol. BS. 2063 को प्रमाणित प्रतिलिपी विशेष सरकारी वकील कार्यालय मार्फत सम्बन्धित निकायबाट मगाई साथै राख्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८/०१/०८ मा भएको आदेश ।

१२. प्रस्तुत मुद्दा र लगाउमा पेश भएका मुद्दा समेत चार वर्ष पुरानो रहेको र करदाताको तर्फबाट अन्य कानून व्यवसायीहरु समेत मुकरर भएको देखिँदा अर्को पेशीमा सुनुवाईको सुनिश्चितताको लागि सवै मुद्दामा पुनरावेदक र प्रत्यर्थी दुवै पक्षबाट १५ दिन भित्र लिखित वहसनोट पेश गर्ने वारिस मार्फत सूचना दिई नियमानुसार पेश गर्नु भन्ने व्यहोराको मिति २०७९।११।२८ गतेको यस न्यायाधिकरणबाट भएको आदेश।

१३. यसमा यस न्यायाधिकरणको मिति २०७९।११।२८ को आदेशानुसार पुनरावेदकको तर्फबाट विद्वान अधिवक्ता श्री प्रेरणा उप्रेतीले मिति २०७९।१२।१२ मा र प्रत्यर्थीका तर्फबाट विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले मिति २०८०।०१।०३ का दिन यस न्यायाधिकरणमा पेश भएको लिखित बहसनोट।

## <u>ठहर खण्ड</u>

१४. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाताका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रमण कुमार कर्णले उद्योग विभागबाट अन्य प्रयोजनको लागि निर्धारण गरिएको Norms लाई आधार मानी उत्पादन नै नभएको बस्तुको उत्पादन तथा बिक्री बितरण गरेको भनी काल्पनिक आधार लिईएको, छड उत्पादनका हकमा के कति प्रतिशत जर्ति (Unseen Loss) हुने भन्ने कुरा कानूनी रुपमा प्रष्ट नभएको, उद्योग विभागले Material Consumption Norms BS २०६३ सार्वजनिक रुपमा प्रकाशन

गरेको भनिए तापनि करदातालाई आधिकारिक रूपमा जानकारी नभएको अवस्थामा कर निर्धारणको क्रममा ठूला करदाता कार्यालय, ललितपुरबाट उद्योगले वास्तविक उत्पादनभन्दा घटी उत्पादन देखाएको भन्ने मनोगत आधारमा हाम्रो कर विवरण अधुरो तथा त्रुटीपूर्ण भनी काल्पनिक आधार लिई अन्तिम कर निर्धारण गरेको शुरु निर्णय त्रुटिपूर्ण रहेकोले सो बदर गरी पाउँ भनी गर्नुभएको बहस सुनियो।

१५. प्रत्यर्थीहरूका तर्फवाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले करदाताले जर्ती बढी कायम गरेको कारण आयमा कम देखिएको, पुरानो नर्म्सको आधारमा कट्टी गरेको भएको कारण बढी देखिएको भन्ने दावी लिएको तर सो लाई पुष्टि गर्ने प्रमाणित कागजात पेश गर्न नसकेको, पुरानो norms भन्ने तथ्य करदाता स्वंयले स्वीकार गरेको हुँदा सो वापत मूल्य अभिवृद्धि कर थप गर्ने समेतको शुरु कार्यालयबाट भएको अन्तिम कर निर्धारणको आदेश कानूनसम्मत नै रहेकोले सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१६. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु एवं लिखित बहसनोट र मिसिल संलग्न कागज प्रमाण समेतको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेको छ वा छैन ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१७. करदाताले पेश गरेको पुनरावेदन पत्र हेर्दा, करदाताले उद्योग विभागबाट प्रकाशित Material Consumption Norms बमोजिम देखाउन पाउने जर्ति भन्दा बढी जर्ति देखाई फलामे छडको उत्पादन घटी देखाएको भनी रु.२,०२,१२,९६५।- बराबरको उत्पादन मूल्यमा कानुन बमोजिम मूल्य अभिबृद्धि कर तथा जरिवाना निर्धारण गरेको र नक्कली विल विजकबाट खरिद देखाएको मूल्य अभिबृद्धि कर बाहेकको रु.२७,५७,७२०।- मा समेत कानुन बमोजिम मूल्य अभिबृद्धि कर र जरिवाना निर्धारण गरेको ठूला करदाता कार्यालयको मिति २०७०।०२।२७ को निर्णय र सोही निर्णय सदर गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०४।२९ मा भएको निर्णय समेत त्रुट्रीपूर्ण हुदाँ बदर गरिपाउँ भन्ने जिकिर लिएको देखियो। यिनै कानुनी प्रश्न समावेश भएको आ.व.२०६५।०६६ को पुन:संशोधित कर निर्धारण आदेश उपर यिनै करदाताले दायर गरेको 075-RB-0113 को आयकर मुद्दमा आज यसै ईजलासबाट विस्तृत विवेचना भई शूरु संशोधित कर निर्धारण आदेश समेत सदर हुने ठहरी फैसला भईसकेको अवस्था छ। सोही मुद्दामा विवेचना गरिएको आधार प्रमाणबाट न्यून उत्पादन देखाएको रु.२,०२,१२,९६५।- बराबरको मूल्यमा र नक्कली विल विजकको आधारमा खरिद देखाई लागत खर्च दाबी गरेको रु.२७,५७,७२०।- बराबरको मूल्यमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम कर निर्धारण गरेको शूरु ठूला करदाता कार्यालय ललितपुरको मिति २०७०।०२।२७ को

निर्णय र सोही निर्णय सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०७५।०४।२९ को निर्णयलाई समेत अन्यथा परिवर्तन गर्नुपर्ने नदेखिंदा करदाताको पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन।

१८. तसर्थ माथि विवेचित आधार एवं कारण समेतबाट पुनरावेदक करदाता पशुपति आइरन एण्ड स्टिल प्रा.लि. (स्थायी लेखा नं.३०००१६१४५) को ठूला करदाता कार्यालय ललितपुरबाट आ.व. २०६५।६६ को मूल्य अभिवृद्धि कर तर्फ अन्तिम कर निर्धारण गरी मिति २०७०।०२।२७ मा गरेको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकवाट मिति २०७५।०४।२९ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः-श्री खेमकुमारी बस्नेत
कम्प्यूटर टाइपः-श्री अशोक विश्वकर्मा
इति सम्वत २०८० साल बैशाख महिना ३ गते रोज १ शुभम्.......................।
प्रमाणिकरण गर्ने सदस्यः-
फैसला प्रमाणित मितिः- राजस्व न्यायाधिकरण काठमाडौंको छाप